बैठक संख्या:- ६१

आज मिति २०८२ साल भाद्र महिना ३० गते सोमबारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.का.वा वडा अध्यक्ष | श्री टेक बहादुर अधिकारी | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं का.वा वडा अध्यक्ष | श्री अग्नी प्रसाद सिटौला | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री सगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

१. यहि भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा परी ज्यान गुमाउनु भएका सम्पुर्ण युवा,विद्यार्थी तथा सुरक्षाकर्मीहरुप्रति बिर्तामोड नगरपालिकाको तर्फबाट गहिरो शोक व्यक्त गर्दै भावपुर्ण श्रद्धान्जली गर्दछौ। नेपाली समाजले सक्रिय, उर्जाशील युवाशक्ति गुमाएको यस दुःखद क्षणमा बिर्तामोड नगरपालिका शोकसन्तप्त परिवारपजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै आन्दोलनका क्रममा घाइते हुनुभएका सम्पुर्ण विद्यार्थी, सुरक्षाकर्मी तथा नागरिकहरुको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछौ।

२. मिति २०८२/०५/२३ गते देखि GEN Z समुहद्वारा सुरु गरीएको विरोध प्रर्दशनको क्रममा केही अवान्छित तत्वहरुले मिति २०८२/०५/२३ र २४ गते बिर्तामोड नगरपालिका कार्यालय, वडा कार्यालयहरु र सार्वजनिक संरचनामा तोडफोड,आगजनी एवं लुटपाट लगायतका विध्वंशात्मक कार्यहरु गर्नुका साथै सामान समेत लुटि लगेको जानकारी प्राप्त भएकोले लुटपाटमा संलग्न व्यक्तिहरु र सामाग्री लुकाइएका स्थानहरुको पहिचान गर्ने कार्य सीसीटीभी फुटेज र विभिन्न सामाजिक सन्जालमा उपलब्ध समेतका आधारमा सूरक्षा निकायबाट निगरानी तथा पहिचान भइरहेको सर्न्धभमा यस क्रममा लुटिएका फर्निचर,इलेक्ट्रोनिक उपकरण,कम्प्युटर,ल्यापटप लगायतका अन्य विविध सामाग्रीहरु तत्काल बिर्तामोड नगरपालिकाको कार्यालयमा ईमान्दारीका साथ बुझाउनुहुन सम्बन्धित सबैमा सुचना जारी गर्ने निर्णय गरियो ।

३. मुलुकको वर्तमान बिषम परिस्थिति र आउँदै गरेको दशै,तिहार तथा छठ पर्व समेतलाई मध्यनजर गर्दै टोल तथा समुदायमा शान्ति सुरक्षा कायम गर्नका लागी बिर्तामोड नगरपालिकाका सम्पुर्ण टोल बिकास समितिमा जनप्रतिनिधिहरुको समन्वयमा टोल सुरक्षा समिति गठन गरी शान्ति सुरक्षा कायम गर्न निर्णय गरियो।

४. नगर कार्यपालिका र वडा कार्यालयमा भएको क्षतिको विवरण तथा लगत संकलन गर्न वडाका जनप्रतिनिधि संग समन्वय गरी कार्य गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने नर्णय गरियो।

संयोजकः- साजन राई (प्राविधिक शाखा प्रमुख)
सदस्यः- सम्बन्धित शाखा प्रमुख
सदस्यः- प्रत्येक वडाका जन प्रतिनिधि एक जना
सदस्यः- वडा सचिवहरु

५. आन्दोलनका क्रममा विस्थापित भएका ईलाका प्रहरी कार्यालय,प्रहरी चौकी तथा प्रहरी पोष्टहरु अबिलम्ब स्थापना गरी नगर भित्र शान्ति सुरक्षा कायम गर्न जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो।

६. मिति २०८२/०५/२३ र २४ गते भएको Gen-Z आन्दोलनको क्रममा ईलाका प्रहरी कार्यालय विर्तामोडको गाडी समेत जलेर नष्ट भएको हुनाले ईलाका प्रहरी कार्यालयलाई अर्को व्यवस्था नहुन्जेलको लागी यस कार्यालयको बा २ झ १२०७ नम्बरको टाटा सफारी गाडी उपलब्ध गराउने साथै यस नगरपालिकाको १

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

विर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

थान हलुका सवारी साधन मे १ झ १२१ समेत जलेर नष्ट भएको हुदाँ १ थान स्कर्पियो गाडी भाडामा लिने निर्णय गरियो।

७. आ.ब. २०८२-०८३ को लागी यस नगरपालिकाबाट झापा जिल्लाको जिल्ला दररेटको आधारमा तयार पारिएको नगर दररेट लाई स्वीकृत गर्ने निर्णय गरियो।

८. विश्व बैंकको आर्थिक सहयोगमा यस विर्तामोड नगरपालिका वडा नं. ६,७ र ८ मा निर्माणाधिन Upgrading of Buttabari-Pyakurel Chowk Road निर्माण ठेक्का नं. NP-DUDBC-273141-CW-RFB को मिति २०८२/११/२४ गते सम्म म्याद थप भएको छ। सो परियोजनाको परामर्श दाताको प्रतक्ष निगरानीमा आयोजना संचालन गर्नपर्ने भएको हुनाले परामर्श ठेक्का नं. NP-DUDBC215996-CS-QCBS को परामर्शदाता श्री डि.बि. मल्टी-सिल्ट-गंगा-रिर्डाक-उदय जे.भी. नयाँ बानेश्वर, काठमाण्डौ सँग सम्झौता गरि आयोजना संचालनमा रहेको छ। निर्माण व्यवसायीको म्यादथप भएको हुनाले परामर्शदाताको समेत म्यादथप गर्न अपरिहार्य भएको हुनाले सो सम्बन्धमा उक्त परामर्शदाताको मिति २०८३/०१/०२ गते सम्म म्यादथप गर्ने निर्णय गरियो। म्यादथप गरिएपछि सम्झौतामा हुने भेरिएसनको प्राप्त प्राविधिक प्रतिवेदन अनुसार उक्त आयोजनाको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ विवरणहरु खुलाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को दफा ३ बमोजिम सुरुको ठेक्का रकम रु. २,३०,४१,५९४।५९ अनुपातमा भेरिएशन आदेश को ठेक्का रकम रु. ३,१४,८९,७५७।०९ र ३६।६६ प्रतिशत बढी रकम रु. ८४,४८,१६२।५० बढीको भेरिएशन गरी आदेश जारी गर्ने निर्णय गरियो।

९. यस कार्यालय र निर्माण व्यवसायी श्री विवष ईन्टरनेशनल कन्ट्रक्सन एण्ड सप्लार्यस प्रा.ली.चाबहिल,काठमाण्डौ बिच Construction & Upgrading of Birtamode Municipal Hospital Building Works ठेक्का नं. BTMMUN/WORKS/NCB-04/079-80 को निर्माण कार्यको लागी मिति २०८०/०१/०८ गते सम्झौता भई मिति २०८२/०५/२६ गते (प्रथम पटक म्याद थप भई कायम भएको) सम्ममा सम्पन्न गर्नेगरी म्यादथप भएको हुदाँ उक्त समयमा पनि विविध कारणले गर्दा तोकिएको समयमा सम्पन्न हुन नसकेकोले म्याद थप गरि पाऊँभनि निवेदन पेस भई आएको र सो सम्बन्धमा उक्त योजनाको म्याद अवधि मिति २०८२-११-२६ गतेसम्म म्यादथप गर्ने निर्णय गरियो।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख